# CHANDRAGIRI HILLS LIMITED

Thankot, Kathmandu, www.chadragirihills.com
Phone no : + 977 4312515

CHANDRAGIRI HILLS
WHERE WISHES COME TRUE

## १४ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८०/०९/०४)**

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस चन्द्रागिरि हिल्स लिमिटेडको मिति २०८०/०९/०३ गते (तदनुसार १९ डिसेम्वर २०२३ ) मंगलवार दिनको ४.०० बजे बसेको ५५ औ संचालक समितिको बैठकबाट निर्णय भए बमोजिम कम्पनीको १४ औं वार्षिक साधारण सभा २०८० साल पौष २६ गते विहिवार ( तदनुसार ११ जनवरी २०२४) दिनको १२.३० बजे चन्द्रागिरि हिल्स लिमिटेडको कार्यालय थानकोट परिसरमा हुने व्यहोरा जानकारीको लागि अनुरोध गर्दछौ ।

यस कम्पनीको १४ औ (चौधौं) साधारण सभाको प्रयोजनका लागि यस कम्पनीको शेयरधनी दर्ता किताब मिति २०८०/०९/१३ गते शुक्रवार एक दिनको लागि बन्द रहने व्यहोरा अनुरोध गर्दछौ ।

साथै यस आर्थिक वर्षमा कम्पनीबाट कुनै प्रकारको लाभांस वितरण नगरिने पनि जानकारी गराइन्छ ।

**साधारण सभाका छलफलका विषयहरु :**

**क) सामान्य प्रस्तावहरु :**

१. संचालक समितिको तर्फवाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षको प्रतिवेदन सहितको आ.व.२०७९/०८० को वासलात,नाफा नोक्सान हिसाव विवरण सहितको लेखापरिक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।

३. कम्पनी ऐन,२०६३ को दफा १११ बमोजिम कम्पनीको आ.व.२०८०/०८१ को लेखापरीक्षण कार्यको लागि लेखापरिक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

**(ख) विविध**

१. लेखापरिक्षक परिवर्तन तथा नियुक्ति अनुमोदन गर्ने सम्वन्धमा ।

२. संचालक समितिका सदस्यहरुको बैठक भक्ता परिमार्जन गर्ने सम्वन्धमा ।

**संचालक समितिको आज्ञाले**

कम्पनी सचिव